# नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको मिति २०७९ भाद्र ३० गते बिहीबारका दिन सम्पन्न भएको सातौं वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरुको अभिलेख (माइन्युट)

१. **वैधानिक सभा**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम कम्पनीको सातौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष डा. रविन्द्र घिमिरेको अध्यक्षतामा तल उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरू उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय**

मिति : २०७९/०५/३० गते बिहीवार
स्थान : कार्की व्याङ्केट, बबरमहल, काठमाडौं
समय : बिहान ११:०० बजे

३. **सभाको सूचना**

कम्पनी ऐन, २०६३ को दफा ६७(१)(क) र यस कम्पनीको नियमावली २०७१ को नियम १८(१)(क) बमोजिम कम्पनीको सातौं वार्षिक साधारण सभाको मिति, समय, स्थान सहित प्रस्तावहरूको सूचना र दफा ८४(४) अनुसार कम्पनीको आ.व. २०७७/७८ को संक्षिप्त आर्थिक विवरणको सूचना मिति २०७९/०५/१० र मिति २०७९/०५/११ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो र आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरू शेयरधनीहरूको व्यक्तिगत ठेगानामा समेत पठाइएको थियो ।

४. **छलफलका विषयः**

**क. सामान्य प्रस्तावहरूः**

१. आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०७८ असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७७/७८ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३. कम्पनीको चुक्ता पूँजी रु. ११,६५,००,००,०००/- (एघार अर्व पैंसट्ठी करोड) को ०.२६३२ (शुन्य दशमलव दुई छ तीन दुई) प्रतिशत नगद लाभांश (लाभांश कर प्रयोजनार्थ) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लागि बाह्य लेखापरीक्षकमा टि.आर. उपाध्या एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स, बानेश्वर, काठमाण्डौलाई नियुक्त गर्ने र पारिश्रमिक निर्धारण गर्ने ।

५. सञ्चालक समितिबाट भएको स्वतन्त्र विज्ञ संचालकको नियुक्ति अनुमोदन गर्ने ।

**ख. विशेष प्रस्तावहरू:**

१. कम्पनीको चुक्ता पूँजी रु. ११,६५,००,००,०००/- (एघार अर्व पैंसट्ठी करोड) को ५ (पाँच) प्रतिशतका दरले हुन आउने रु. ५८,२५,००,०००/- (अन्ठाउन्न करोड पच्चीस लाख) बोनश शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने । बोनश शेयर वितरण पश्चात कम्पनीको साविक जारी तथा चुक्ता पूँजीमा बृद्धि भई रु.१२,२३,२५,००,०००/- (बाह्र अर्ब तेइस करोड पच्चीस लाख) कायम हुने हुंदा सोही अनुसार प्रबन्धपत्र तथा नियमावलीको सम्बन्धित दफा संशोधन गर्ने ।

२. कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा (१)(ग) अनुसार सञ्चालक समितिको निर्णय बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्च गरिएको रकमलाई अनुमोदन गर्ने ।

३. कम्पनीको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नेपाल सरकार वा नियमनकारी निकायहरुबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो वमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध:**

**५. उपस्थिति**

५.१ **संचालकहरू**

| | |
|---|---|
| १. डा. रविन्द्र घिमिरे | अध्यक्ष |
| २. श्री दिप प्रकाश पाण्डे | संचालक |
| ३. श्री नवराज मुडभरी | संचालक |
| ४. श्री मदन पोखरेल | संचालक |
| ५. सुनिल बल्लभ पन्त | संचालक |
| ६. श्री ईश्वरी प्रसाद अर्याल | संचालक |
| ७. अनिता रायमाझी टण्डन | स्वतन्त्र विज्ञ संचालक |

संचालक समिति

५.२ **कर्मचारीहरू**

| | |
|---|---|
| १. श्री शंकरकुमार रायमाझी | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री दामोदर भण्डारी | सहायक प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| ३. श्री इश्वर प्रधान | मुख्य प्रबन्धक |
| ४. मन्जु थापा | मुख्य प्रबन्धक |
| ५. भीम राज उप्रेती | वरिष्ठ प्रबन्धक |
| ६. लक्ष्मी पौडेल | वरिष्ठ प्रबन्धक |
| ७. राम कुमार यादव | पुनर्बीमा विज्ञ (जीवन) |

५.३ **शेयरधनीहरूको संख्या**

जम्मा उपस्थित संख्या ४२६ (स्वयं तथा प्रतिनिधि मार्फत)

६. **गणपुरक संख्या**

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या (संस्थापक तथा सर्वसाधारण समूह) | २०४७८६ | ४२६ | ६९.९४ प्रतिशत |
| शेयरधनीहरूले ग्रहण गरेको शेयर कित्ता | ११,६५,००,००० | ८,१४,७९,३६७ | |

## ७. सभाको वैधानिकता र सभाको अध्यक्षता

७.१ कम्पनी सचिवले सातौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरू, प्रतिनिधिज्यूहरू, पत्रकार, पर्यवेक्षक लगायत सम्पूर्ण महानुभावहरूलाई स्वागत गर्नु भयो।

७.२ कम्पनी ऐन, २०६३ को दफा ६७ (१) (क) र यस कम्पनीको नियमावली २०७१ को नियम १८ (१) (क) बमोजिम कम्पनीको सातौं वार्षिक साधारण सभाको मिति, समय, स्थान सहित प्रस्तावहरूको सूचना र दफा ८४(४) अनुसार कम्पनीको आ.व. २०७७/७८ को संक्षिप्त आर्थिक विवरणको सूचना मिति २०७९/०५/१० र मिति २०७९/०५/११ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको जानकारी कम्पनी सचिवले गराउनु भयो।

७.३ कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा कम्पनीको नियमावली अनुसार बाँडफाँड भएको कूल शेयर संख्याको पंचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा

तीन जना शेयरधनीहरू स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित भएमा साधारण सभाको लागि गणपुरक संख्या पुगेको मानिने प्रावधान अनुरूप यस सातौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरूको संख्या ४२६ भएको र कुल शेयर ११ करोड ६५ लाख कित्ता मध्ये ८,१४,७९,३६७ शेयर कित्ताले हुने ६९.९४ प्रतिशत शेयर कित्ताको शेयरधनीहरू स्वयम् तथा प्रतिनिधि मार्फत उपस्थित हुनु भएको हुँदा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली अनुसार सभाको गणपुरक संख्या पुगेकोले यस सभाको वैधानिकता पुगेको जानकारी कंम्पनी सचिवले गराउनु भयो ।

७.४ कम्पनी सचिवले सभाको अध्यक्षता गरिदिनु हुन कम्पनीको संचालक समितिका अध्यक्ष डा. श्री रविन्द्र घिमिरेलाई अनुरोध गर्नुभयो । तत्पश्चात संचालकहरू श्री दिप प्रकाश पाण्डे, श्री नवराज मुडभरी, श्री ईश्वरी प्रसाद अर्याल, श्री मदन पोखरेल, श्री सुनिल बल्लभ पन्त, श्री अनिता रायमाझी टण्डन तथा व्यवस्थापनमा रहनु भएका प्रमुख कार्यकारी अधिकृत श्री शंकरकुमार रायमाझी, मुख्य प्रबन्धक द्वय श्री इश्वर प्रधान र श्री मन्जु थापा, बरिष्ठ प्रबन्धक द्वय श्री भीम राज उप्रेती र श्री लक्ष्मी पौडेल तथा पुनर्बीमा विज्ञ (जीवन) श्री राम कुमार यादवलाई आसन ग्रहण गराउनु भयो । नेपाल सरकार अर्थ मन्त्रालयका प्रतिनिधि श्री अनिता शर्मा, कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधि सहायक रजिष्ट्रार श्री दिपक मणि पोखरेल, नियामक निकायका प्रतिनिधि, लेखापरीक्षक, शेयर रजिष्ट्रारका प्रतिनिधि तथा शेयरधनी महानुभावहरू, प्रतिनिधिज्यूहरू लगायत पत्रकार, पर्यवेक्षक सम्पूर्ण महानुभावहरूलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गराउनु भयो ।

७.५ संचालक समितिका अध्यक्ष डा. श्री रबिन्द्र घिमिरेज्यूबाट पानसमा दियो बाल्ने कार्यक्रममा सम्पूर्ण महानुभावहरू सहभागी हुनु भयो ।

राष्ट्रिय गानको कार्यक्रममा सम्पूर्ण महानुभावहरू सहभागी हुनु भयो ।

७.६ कम्पनीको सातौं वार्षिक साधारण सभामा आफ्नो मन्तव्य सहित कम्पनीको आर्थिक बर्ष २०७७/७८ को संचालक समितिको बार्षिक प्रतिवेदन तथा साधारण सभामा पेश हुने प्रस्तावहरु सभा समक्ष राखि दिनु हुन साथै कम्पनीले हाल सम्म गरेको प्रगतिको संक्षिप्त विवरण प्रस्तुत गर्दै सभाको शुरुवात गर्न सभाका अध्यक्षज्यूलाई कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

७.७ सभाका अध्यक्ष डा. रविन्द्र घिमिरेले नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको सातौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी तथा आमन्त्रित महानुभावहरूमा संचालक समितिको तर्फवाट हार्दिक स्वागत गर्दै आफ्नो मन्तव्य राख्नुभयो ।

७.८ कम्पनीको हालको अवस्था र आगामी दिनमा अवलम्वन गर्ने रणनीति लगायत समग्र पक्षको बारेमा प्रकाश पारि दिनु हुन कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री शंकरकुमार रायमाझीलाई अध्यक्षद्वारा अनुरोध भए अनुसार प्रमुख कार्यकारी अधिकृतले कम्पनीको आर्थिक अवस्था र भावी रणनीतिको बारेमा प्रकाश पार्नु भयो

संचालक समिति

## ८. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरू

८.१ शेयरधनी महानुभावहरूले प्राप्त गर्नु भएको वार्षिक प्रतिवेदनमा कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन र २०७८ आसार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७७/७८ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू गरिमामय सभा समक्ष प्रस्तुत गरिएको जानकारी अध्यक्षले गराउनुभयो । यस सम्वन्धमा आफनो जिज्ञासा लगायत सुझाव सहित छोटो मन्तव्यका लागि नाम टिपाउनु भएका शेयरधनी महानुभावहरूलाई क्रमशः आ-आफ्नो भनाई राख्न अध्यक्षले अनुरोध गर्नुभयो ।

८.२ छलफलमा सहभागी हुने शेधरधनी महानुभावहरूको नामः

१. श्री शत्रुधन श्रेष्ठ
२. श्री अमिर दास रञ्जित
३. श्री चन्द्र नारायण श्रेष्ठ
४. श्री अशोक उप्रेती
५. श्री डमरु वल्लभ घिमिरे
६. श्री शिव प्रसाद पौडेल
७. श्री उद्धव प्रसाद घिमिरे
८. श्री गुणराज भट्ट
९. श्री सुर्य बहादुर खड्का
१०. श्री इन्द्र कृष्ण श्रेष्ठ
११. श्री कृष्ण प्रसाद काश्यप
१२. श्री उत्सव सुन्दर श्रेष्ठ
१३. श्री सुनिता भट्टराई (लिखित मन्तव्य बुझाउनु भएको )

## ९. छलफलमा सहभागी शेयरधनी महानुभावहरूले व्यक्त गर्नु भएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांश

शेयरधनी श्री शत्रुधन श्रेष्ठले कम्पनीले शेयरधनीहरुलाई कम लाभांश दिएको र पुनर्बीमा व्यवसायले प्रगति नगरेको गुनासो व्यक्त गर्दै कम्पनीले व्यवसाय संचालनको लागि आफ्नै भवन बनाउनु पर्ने तथा कर्मचारीहरुलाई समय सापेक्ष तालिम दिनुपर्ने सुझाव राख्नु भयो ।

शेयरधनी श्री अमिरदास रंजितले आगामी चैत्रभित्रमा साधारण सभा सम्पन्न गर्न, आन्तरिक बैठकहरु कम गर्ने व्यवस्थापन खर्चमा भएको बृद्धिलाई कम तथा व्यवस्थित गर्न, समितिको पदाधिकारीहरुको नाम समेत प्रकाशमा ल्याउन तथा नाफा घटेकोले आवश्यक गृहकार्य गर्न सुझाव दिनु भयो ।

शेयरधनी श्री चन्द्रनारायण श्रेष्ठले कम्पनीले शेयरधनीहरुलाई कम लाभांश दिएको गुनासो गर्दै वार्षिक प्रतिवेदन समयमा नै उपलब्ध गराउन सुझाव दिनु भयो ।

शेयरधनी अधिवक्ता श्री अशोक उप्रेतीले कम्पनीको संचालकहरुलाई भत्तामा होइन नाफामा जोड दिन बीमा समितिलाई आग्रह गर्ने तथा कम्पनीलाई सरकारी स्वामित्वबाट मुक्त गराई स्वतन्त्र ढंगले संचालन गर्नुपर्ने सुझाव राख्नु भयो ।

शेयरधनी श्री डमरुवल्लभ घिमिरेले वार्षिक साधारण सभा समयमा नै भएकोमा धन्यबाद ज्ञापन गर्दै, लगानीको प्रतिफल कम भएकोमा आगमी वर्षमा वढाउँदै लान तथा कम्पनीको वार्षिक प्रतिवेदनमा शेयरधनी तथा वार्षिक साधारण सभाका फोटोहरु राख्न समेत अनुरोध गर्नुभयो ।

शेयरधनी श्री शिवप्रसाद पौडेलले अगामी वर्ष १५ देखि २० प्रतिशत लाभांश दिन अनुरोध गर्दै पूँजी बढाउने तर्फ कम्पनीको ध्यानाकर्षण गराउनु भयो ।

शेयरधनी श्री उद्धवप्रसाद घिमिरेले कम्पनीले लाभांश बढाउनुपर्ने, शेयरधनीहरुलाई समेटी अर्न्तक्रिया कार्यक्रम गर्नुपर्ने तथा कम्पनीको खर्चहरुलाई सन्तुलनमा ल्याउनु पर्ने सुझाव दिनु भयो ।

शेयरधनी श्री गुणराज भट्टले आ.व. समाप्त भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्न ध्यानाकर्षक गराउँदै कम्पनीमा कर्मचारीहरुलाई आवश्यक तालिम (अन्तर्राष्ट्रिय समेत) मा सहभागी गराई कर्मचारीहरुको पदोन्नति र सेवा सुबिधा बढाई कर्मचारीलाई टिकाइराख्नु पर्ने तथा fraction शेयरलाई round up गर्दा सहज हुने सुझाव दिंदै बोनश शेयरलाई यथाशीघ्र सूचीकरण गर्न अनुरोध गर्नु भयो ।

शेयरधनी श्री सुर्यबहादुर खड्काले पुनर्बीमा व्यवसायको जोखिम अध्ययन गर्न, स्थानीय बजारमा आफ्नो बलियो उपस्थिति बनाउन, लगानीलाई विविधिकरण गर्न तथा शेयरधनी तथा लगानीकर्ताहरुको विश्वास जित्ने गरी कार्य गर्न सुझाव दिनुभयो ।

शेयरधनी श्री इन्द्रकृष्ण श्रेष्ठले साधारण सभामा संचालकहरु समयमा नै आउनु पर्ने, वार्षिक प्रतिवेदन समयमा नै प्रकाशित गरी शेयरधनीलाई दिनुपर्ने, साधारण सभाको फोटो वार्षिक प्रतिवेदनमा राख्नुपर्ने सुझाव दिदैं आठौं वार्षिक साधारण सभा चाँडै गर्न ध्यानाकर्षक गराउनु भयो ।

शेयरधनी श्री कृष्णप्रसाद काश्यपले नेपाल सरकारबाट नियुक्त हुने संचालक पनि अन्य संचालक सरह नै चार वर्ष कम्पनीमा बस्नुपर्ने, कम्पनीमा गठन भएका समिति उप समितिहरुमा भएका संचालकहरुको नाम, बैठक संख्या र भत्ता खुलाएर वार्षिक प्रतिवेदनमा राख्नुपर्ने, बीमा समितिले वित्तीय विवरण स्वीकृत गर्दा जनाएका कैफियतमा कम्पनीको ध्यानाकर्षण हुनुपर्ने र शेयरधनीसंग ६/६ महिनामा अर्न्तक्रिया गर्नुपर्ने सुझाव दिनुभयो ।

शेयरधनी श्री उत्सवसुन्दर श्रेष्ठले fraction शेयरलाई round up गर्दा सहज हुने सुझाव दिदै, कम्पनीमा गठन भएका समिति उप समितिहरुको नाम, भत्ता जस्ता कुरा खुलाउनु पर्ने, कम्पनी सचिवको स्थायित्व हुनुपर्ने लगायतका सुझाव राख्नु भयो ।

संचालक समिति

शेयरधनी श्री सुनिता भट्राईले सभामा लिखित मन्तव्य बुझाउनु भएको थियो । उक्त मन्तव्य मार्फत उहाँले आ.व. सकिएको ६ महिनाभित्र साधारण सभा सम्पन्न गर्न, आ.व. २०७८/८९ को साधारण सभा २०७९ पुसभित्र सम्पन्न गर्न, आ.व. २०७८/८९ मा शेयरधनीहरुलाई १५ प्रतिशत लाभांश दिने व्यवस्था गर्न तथा कर्मचारीहरुलाई आवश्यक तालिम दिने व्यवस्था गर्न सुझाव दिनुभयो ।

**१०. छलफलमा सहभागी शेयरधनी महानुभावहरूले व्यक्त गर्नु भएका सुझाव, मन्तव्य तथा जिज्ञासाको अध्यक्षले दिनु भएको जवाफ**

कम्पनीका अध्यक्षवाट शेयरधनी महानुभावहरूको सुझाव, मन्तव्य तथा जिज्ञासाको लागि धन्यवाद ज्ञापन गर्नु हुँदै प्रतिवेदनमा छुट भएका विषयहरू आगामी वर्षको प्रतिवेदनमा समावेश गर्ने जानकारी गराउनु भयो । अध्यक्षले शेयरधनीहरुले राख्नु भएको सुझाव तथा जिज्ञासाको प्राविधिक पक्षको हकमा कम्पनीको संचालक दिप प्रकाश पाण्डेलाई प्रकाश पारि दिनु हुन अनुरोध गर्नुभयो ।

शेयरधनी महानुभावहरूले व्यक्त गर्नु भएका सुझाव तथा जिज्ञासाको सवालमा प्राविधिक पक्षको जिज्ञासाको हकमा कम्पनीको संचालक दिप प्रकाश पाण्डेले पुनर्बीमा व्यपसायको प्रकृति र विशेषताको बारेमा प्रकाश पार्दै कोभिड १९ ले गर्दा कम्पनीको व्यवसाय तथा नाफामा समेत प्रभाव पारेको तथा वार्षिक साधारण सभा समयमा नै गर्न कम्पनी प्रतिवद्ध रहेको बताउनु भयो । पुनर्बीमा व्यवसाय तथा बजारमा भएको प्रतिस्पर्धाले कम्पनीलाई अझै बलियो बनाउँदै लगेको र नयाँ बीमालेखहरु ल्याउँदा पुनर्बीमा कम्पनीले पुनर्बीमा गरी बीमा बजारलाई सहयोग गरेको कुरा उल्लेख गर्दै नेपाल पुनर्बीमा कम्पनीलाई अन्तर्राष्ट्रिय स्तरको पुनर्बीमा कम्पनीको रुपमा स्थापित गर्न प्रतिबद्ध रहेको कुरा व्यक्त गर्नु भयो ।

तत् पश्चात सुझाव तथा जिज्ञासाको सम्बोधन गर्ने क्रममा पूँजी वृद्धिका सम्बन्धमा अर्थ मन्त्रालयसँग छलफल गरी अगाडि बढ्ने, बीमा समितिले उठान गरेका कैफियतहरुका सम्बन्धमा कम्पनी गम्भीर रहेको, fraction मा रहेको शेयरलाई मिलान गरी शेयरधनीको खातामा हाल्ने, कम्पनीको वार्षिक प्रतिवेदन वार्षिक साधारण सभा हुनुभन्दा १५ दिन अगावै कम्पनीको वेवसाइटमा राख्ने तथा कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा (१)(ग) बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्च गरिएको रकमलाई अनुमोदन गर्नुपर्ने व्यवस्था बमोजिम नै विशेष प्रस्ताव साभारण सभामा पेश गरिएको जानकारी गराउनु भयो । साथै अन्य विषयहरूको समेत जवाफ प्रस्तुत गर्नु भई अमूल्य सुझावको लागि धन्यवाद ज्ञापन गर्नु भयो ।

**११. सभाको निर्णय**

अध्यक्षवाट सभाद्वारा पारित गर्नका लागि प्रस्तुत गरिएका प्रस्तावहरु निर्णयार्थ प्रस्तुत गर्नु भएकोमा देहायबमोजिम सभावाट निर्णय भयो ।

संचालक समिति

**क. सामान्य प्रस्तावहरू:**

१. आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिवाट पारित गऱ्यो ।

२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०७८ असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७७/७८ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु सभाले सर्वसम्मतिवाट पारित गऱ्यो ।

३. कम्पनीको चुक्ता पूँजी रु. ११,६५,००,००,०००/- (एघार अर्व पैंसट्ठी करोड) को ०.२६३२ (शुन्य दशमलव दुई छ तीन दुई) प्रतिशत नगद लाभांश (लाभांश कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव सभाले सर्वसम्मतिवाट पारित गऱ्यो ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लागि बाह्य लेखापरीक्षकमा टि.आर. उपाध्या एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स, बानेश्वर, काठमाण्डौलाई नियुक्त गर्ने र पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सभाले सर्वसम्मतिवाट पारित गऱ्यो ।

५. सञ्चालक समितिबाट भएको स्वतन्त्र विज्ञ संचालकको नियुक्ति अनुमोदन गर्ने प्रस्ताव सभाले सर्वसम्मतिवाट पारित गऱ्यो ।

**ख. विशेष प्रस्तावहरू:**

१. कम्पनीको चुक्ता पूँजी रु. ११,६५,००,००,०००/- (एघार अर्व पैंसट्ठी करोड) को ५ (पाँच) प्रतिशतका दरले हुन आउने रु. ५८,२५,००,०००/- (अन्ठाउन्न करोड पच्चिस लाख) बोनश शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने । बोनश शेयर वितरण पश्चात कम्पनीको साविक जारी तथा चुक्ता पूँजीमा बृद्धि भई रु.१२,२३,२५,००,०००/- (बाह्र अर्ब तेइस करोड पच्चिस लाख) कायम हुने हुंदा सोही अनुसार प्रबन्धपत्र तथा नियमावलीको सम्बन्धित दफा संशोधन गर्ने प्रस्ताव सभाले सर्वसम्मतिवाट पारित गऱ्यो

**प्रबन्धपत्रको दफा ६ (२) र दफा ६ (३) संशोधन प्रयोजनार्थ तीनमहले:**

| साविकको व्यवस्था | हालको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **प्रबन्धपत्रको दफा ६(२)**<br><br>कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रकम रु. ११,६५,००,००,०००/- (एघार अर्ब पैसठ्ठी करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १०० /- का दरले ११,६५,००,००० (एघार करोड पैसठ्ठी लाख) कित्ता शेयरमा विभाजित गरिनेछ । | **प्रबन्धपत्रको दफा ६(२)**<br><br>कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रकम रु.१२,२३,२५,००,०००/- (बाह्र अर्ब तेइस करोड पच्चीस लाख) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरले रु.१२,२३,२५,०००/- (बाह्र करोड तेइस लाख पच्चिस हजार) कित्ता | कम्पनीको सञ्चालक समितिले हालको जारी तथा चुक्ता पुँजी रु. ११,६५,००,००,०००/- (एघार अर्व पैसठ्ठी करोड) को पाँच प्रतिशतका दरले हुन आउने रु. ५८,२५,००,०००/- (अन्ठाउन्न करोड पच्चिस लाख) बोनस सेयर वितरण गर्न स्वीकृति प्रदान गरेको र बोनस सेयर वितरणबाट कम्पनीको साविक जारी तथा चुक्ता पूँजीमा वृद्धि गर्ने भएकोले सो अनुसार जारी तथा चुक्ता पूँजी वृद्धि हुने |

संचालक समिति

| | | |
|---|---|---|
| | शेयरमा विभाजन गरिनेछ । | भएको । |
| **प्रबन्धपत्रको दफा ६(३)**<br><br>कम्पनीको चुक्ता पूँजी रु. ११,६५,००,००,०००/- (एघार अर्ब पैसठ्ठी करोड) हुनेछ | **प्रबन्धपत्रको दफा ६(३)**<br><br>कम्पनीको चुक्ता पूँजी रु. रु.१२,२३,२५,००,०००/- (बाह्र अर्ब तेइस करोड पच्चीस लाख) हुनेछ । | कम्पनीको सञ्चालक समितिले हालको जारी तथा चुक्ता पुँजी रु. ११,६५,००,००,०००/- (एघार अर्व पैसठ्ठी करोड) को पाँच प्रतिशतका दरले हुन आउने रु.५८२५,००,०००/- (अन्ठाउन्न करोड पच्चिस लाख) बोनस सेयर वितरण गर्न स्वीकृति प्रदान गरेको र बोनस सेयर वितरणबाट कम्पनीको साविक जारी तथा चुक्ता पूँजीमा वृद्धि गर्ने भएकोले सो अनुसार जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएको । |

२. कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा (१)(ग) अनुसार सञ्चालक समितिको निर्णय बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्च गरिएको रकमलाई अनुमोदन गर्ने प्रस्ताव सभाले सर्वसम्मतिवाट पारित गऱ्यो ।

**आर्थिक वर्ष २०७७/७८ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चहरुको विवरण :**

| सि.नं. | मिति | बैठक नं. | बिवरण | रकम |
|---|---|---|---|---|
| १ | २०७७/१२/१७ | ३२४ | विकम संवत २०१८ सालमा स्थापित कालिका मानवज्ञान माध्यमिक विद्यालय, बुटवल - १० रुपन्देही नेपालमै सामुदायिक बिद्यालय तर्फ सबैभन्दा वढी अर्थात ७,५६७ बिद्यार्थीहरू अध्ययन गर्ने विद्यालय हो । यस विद्यालयमा नर्सरी देखी कक्षा १२ सम्म नेपाली र अंग्रेजीमा पढाई हुने र कक्षा ६ देखि कक्षा १२ सम्म कम्प्युटर विज्ञानको कक्षा सञ्चालन गरिएको र धेरै जिल्लाका विद्यार्थीहरू अध्ययन गर्ने भएकोले सर्वसाधारण लगायत गरीवीको रेखामुनि रहेका परीवारको वाल वालिकाहरूको पहुँच भएको स्तरीय शिक्षा दिने विद्यालयको रूपमा परिचित रहेको छ । कक्षा ६ देखि कम्प्युटर विज्ञानको कक्षा सञ्चालनले सामुदायिक विद्यालयवाट समेत सूचना प्रविधिको क्षेत्रमा उत्कृष्ट जनशक्ति उत्पादन भई देश विकासमा सहयोग पुग्ने देखिन्छ ।<br><br>उक्त विद्यालयमा नेपालका धेरै जिल्लाका विद्यार्थीहरू अध्ययन गर्ने भएकोले सर्वसाधारण लगायत गरीवीको रेखामुनि रहेका परीवारको वाल वालिकाहरूको पहूच भएको तथा विद्यार्थीहरूको लागि कम्प्युटर ल्यावमा कम्प्युटरको अभाव भएकोले प्रयोगात्मक रूपमा पठनपाठन गराउन समस्या भएको हुँदा ४० थान | २१,००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | २०७७/१०/३० को पत्रवाट कम्प्युटर खरिद गर्ने लाग्ने दर रेटको प्रस्तावना सहित अनुरोध भई आएको तथा सो सम्वन्धमा संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी आन्तरिक कार्यविधि, २०७७ को दफा ६ (६.२) अनुसार संस्थागत सामाजिक उत्तरदायित्व कोष सञ्चालन उपसमितिको मिति २०७७/१२/०३ बैठन नं.. ०१ वाट सिफारिश भए अनुसार श्री कालिका मानवज्ञान माध्यमिक विद्यालय, बुटवल - १० रुपन्देही लाई ४० थान कम्प्युटर खरिद गर्नको लागि आ.ब. २०७७/७८ को बजेटको सीमाभित्र रहि रु.२१,००,०००।- ( अक्षरेपी एक्काइस लाख मात्र) मा नबढ्ने गरी संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग प्रदान गर्न व्यवस्थापनलाई अख्तियारी सहित निर्देशन दिने । | |
| २ | २०७७/०५/३० | – | ग्रामीण जीवनस्तर सुधार मञ्चबाट बालगृहमा स्थित बालबालिकालाई विधालय भर्ना गर्नका लागि र विद्यालयमा तिर्नुपर्ने विविध शैक्षिक शुल्कका लागि रकम रु. १०१,९५०।०० माग भएकोमा कम्पनीको संचालक समितिको मिति २०७७।०४।०८ (बैठक नं २९३) को निर्णय अनुसार आर्थिक सहायता तथा चन्दा शिर्षक अन्तर्गत रु. १ लाख (एक लाख मात्र) सम्मको खर्चको अख्तियारी प्रमुख कार्यकारी अधिकृतलाई दिने निर्णय भएकोमा सोही निर्णयको अधिनमा रहि रु. १ लाख (एक लाख मात्र) भुक्तानी गरिएको । | १,००,००० |

३. कम्पनीको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नेपाल सरकार वा नियमनकारी निकायहरुबाट कुनै फेरबदलको सुझाव प्राप्त भएमा सो वमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध :**

यस अन्तर्गत छलफलको कुनै विषय नभएकोले कुनै छलफल भएन ।

**१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

कम्पनीका अध्यक्षले सातौं वार्षिक साधारण सभामा आदरणीय शेयरधनी महानुभावहरूवाट अमूल्य सुझावहरू प्राप्त भएको र सम्पूर्ण प्रस्तावहरुमा सम्पूर्ण सहभागीहरूको समर्थन भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै दिउसो २:३० बजे कम्पनीको सातौं वार्षिक साधारण सभा विसर्जन भएको जानकारी गराउनु भयो ।

(दामोदर भण्डारी)
**कम्पनी सचिव**

(डा. रविन्द्र घिमिरे)
**अध्यक्ष**

# नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको
# संशोधित प्रबन्धपत्र

**दफा ६(२) :** कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रकम रु.१२,२३,२५,००,०००/- (बाह्र अर्ब तेइस करोड पच्चिस लाख) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरले रु.१२,२३,२५,०००/- (बाह्र करोड तेइस लाख पच्चीस हजार) कित्ता शेयरमा विभाजन गरिनेछ ।

**दफा ६(३):** कम्पनीको चुक्ता पूँजी रु. रु.१२,२३,२५,००,०००/- (बाह्र अर्ब तेइस करोड पच्चीस लाख) हुनेछ ।

(दामोदर भण्डारी)
**कम्पनी सचिव**

(डा. रविन्द्र घिमिरे)
**अध्यक्ष**